**कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख १५ गते**

बागमती प्रदेशमा वैशाख १४ गतेसम्म ७ हजार ५ सय ९१ जनाको एण्टिवडी परीक्षण गरिएको छ । विदेशबाट फर्किएका र क्वारेण्टाइनमा रहेकाहरूलाई प्राथमिकता दिएर स्वास्थ्य जाँच गरिएको हो । प्रदेशका १३ वटै जिल्लामा हालसम्म र्‍यापीड टेष्ट गर्दा १४ जनामा पोजिटिभ देखिएको प्रदेशको सामाजिक विकास मन्त्रालयका प्रवक्ता तथा चिकित्सा महाशाखा प्रमुख डा. पुरुषोत्तम सेढाईंले जानकारी दिनुभयो ।

सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेशले प्रदेशमा कार्यरत पत्रकारलाई स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्री सहयोग गरेको छ । लकडाउनको समयमा पनि समाचार सङ्कलन गर्नुपर्ने पत्रकारलाई स्वास्थ्य सुरक्षा अपनाएर मात्र हिड्नका लागि सजिलो होस भनेर सामग्री हस्तान्तरण गरिएका सञ्चार रजिष्टार रेवती सापकोटाले बताउनु भयो । कार्यालयले प्रदेशका १३ वटै जिल्लाका पत्रकारका लागि मास्क, सेनिटाइजर र ग्लोव्स उपलब्ध गराएको हो ।

लकडाउनपछि काठमाडौंमा दैनिकी गुजार्न समस्या भएपछि गृहजिल्ला रसुवा फर्केका स्थानीयहरू वैशाख १४ गते रातभर अलपत्र परेका छन् । रसुवाको बेत्रावतीमा वैशाख १४ गतेरातिदेखि १५ गते बिहान १० बजेसम्म अलपत्र परेका ३ सय ८० जनालाई स्थानीय तहका जनप्रतिनिधीसँग समन्वय गरेर गाउँपालिकाको उद्धार गरेको छ । उद्धार गरिएकाहरूलाई स्थानीय तहले निर्माण गरेको क्वारेण्टाइन राख्न खोज्दा क्वारेण्टाइनमा बस्नुभन्दा त काठमाडौँको कोठामा बस्न ठिक थियो भन्दै ५७ जना भागेका छन् । सिन्धुपाल्चोकमा २० ओटा एम्बुलेन्सहरूले कोरोना सङ्क्रमण फैलन नदिन सेफ्टी बार अर्थात पार्टशन लगाइएका छन् ।

काभ्रेमा वैशाख ११ गतेदेखि वैशाख १५ गतेसम्म काठमाडौंलगायतका शहरबाट १७ ओटा गाडी मार्फत १ हजार जनाभन्दा बढी नागरिक गाउँ फर्काइएका छन् । शहरबाट गाउँभित्रिएका नागरिकको स्वास्थ्य अवस्था पत्ता लगाउन घर-घरमै स्वास्थ्यकर्मी परिचालन गरिएको छ ।

प्रदेशको १३ ओटै जिल्लाका प्रतिनिधिहरूले पठाएको रिपोर्टमा आधारित प्रतिवेदन यहाँ प्रस्तुत गरिएको छ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९)बाट सचेत बन्नुपर्ने सरकारको निर्णयको विरुद्धमा नेपाली काङ्ग्रेस सिन्धुपाल्चोकले ०७७ वैशाख १४ गते साँझ बाह्रबिसेमा राके जुलुस गरी लकडाउन उल्लङ्घन गरेको छ । नेपाली काङ्ग्रेसले ६०/७० जनाको समूह जम्मा गरी बाह्रबिसे बजारमा साँझ राके जुलुस गरेको हो । सांसद सुरेन्द्र यादवको अपहरण, स्वास्थ्य सामग्री खरिदमा भ्रष्टाचार भएको भन्दै राके जुलुस निकालेको नेपाली काङ्ग्रेस १ नं. क्षत्रीय सभापति बालकृष्ण बस्नेतले बताउनु भयो ।

यसैबीच, जिल्ला समन्वय समिति सिन्धुपाल्चोकले जिल्लामा क्रियाशिल पत्रकारहरूको सुरक्षाका लागी प्रेस ज्याकेट, माक्स र सेनिटाइजर प्रदान गरेको छ । जिल्लामा कोरोना सङ्क्रमण भइहालेमा उपचारमा सहज होस भन्ने उद्देश्यले २० ओटा एम्बुलेन्सहरूको चालक सिटलाई पार्टेशन गरी सुरक्षित बनाइएको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङका अनुसार** काभ्रेको तेमाल गाउँपालिकाले वैशाख १५ गतेदेखि सबै वडाका घर-घरमै पुगेर स्वास्थ्य जाँच सुरू गरेको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण कुईंकेलले जानकारी दिनुभयो ।

वैशाख ११ गतेदेखि वैशाख १५ गतेसम्म काठमाडौंलगायतका शहरबाट १७ ओटा गाडी मार्फत १ हजार जनाभन्दा बढी नागरिक गाउँ फर्काइएका छन् । यससँगै स्थानीयवासीहरूमा सङ्क्रमण फैलने चिन्ता समेत बढेको छ । शहरबाट गाउँभित्रिएका नागरिकको स्वास्थ्य अवस्था पत्ता लगाउन घर-घरमै स्वास्थ्यकर्मी परिचालन गरिएको हो ।

घर-घर पुगेका स्वास्थ्यकर्मीले रोगको प्रकृति अनुसार सरकारले प्रदान गर्ने निःशुल्क औषधि समेत उपलब्ध गराउने छन् । तेमाल गाउँपालिकामा ११ ओटा स्वास्थ्य संस्थामा ५७ जना कर्मचारी छन् । सात दिनभित्र सबै घरका स्थानीयका स्वास्थ्य जाँच गरिसक्ने योजना गाउँपालिकाले जनाएको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार जिल्लामा वैशाख १५ गतेसम्म १ सय ७० जनाको ऱ्यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ ।
जिल्लका सबै स्थानीय तहमा काठमाडौँलगायत बाहिरी जिल्लाबाट आएकाहरूलाई समुदायको सम्पर्कमा नआउने गरि आफ्नै घरमा बस्ने व्यवस्थ मिलाइएको छ । जिल्लामा करिव १२ हजार स्थानीयवासीहरू लकडाउनपछि जिल्ला फर्केका छन् ।
यसैबीच, विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड -१९) बाट उत्पन्न परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न रामेछाप जिल्लामा मानव अधिकार अवस्था अनुगमन समिति गठन भएको छ ।
राष्ट्रिय मावन अधिकार अयोगको ७७ ओटै जिल्लामा यस प्रकारको समिति गठन गर्ने अभियान अन्तर्गत रामेछापमा पनि समिति बनेको हो । पत्रकार महासंघ रामेछापका अध्यक्ष रमेश ढुङ्गेलको संयोजकत्वमा गठन भएको उक्त समितिका सदस्यहरू गैसस महासङ्घ रामेछापका अध्यक्ष भुवनकुमार श्रेष्ठ, रामेछाप बारका उपाध्यक्ष यादव दाहाल, इन्सेक जिल्ला प्रतिनिधि नवराज पथिक र मानव अधिकार संरक्षण सञ्जाल रामेछापका संयोजक पाण्डव प्रसाईँ रहनु भएको छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार दोलखा जिल्लाभर कोरोना (कोभिड १९) को सङ्क्रमण परीक्षणका लागि १ सय ८ ओटा थर्मल गन उपलब्ध भएको छ । सबै स्थानीय तहहरूमा स्वास्थ्य परीक्षण सामग्री भएपछि परीक्षणमा सहजता भएको छ ।
यद्यपि लकडाउनकै बेला स्थानीय नगर तथा गाउँपालिकाहरूको समन्वयमा दोलखामा विभिन्न बाहिरी जिल्लाबाट फर्केका १० हजारभन्दा बढी स्थानीयवासीहरुको समयमै स्वास्थ्य परीक्षण सुरु हुन नसक्दा सङ्क्रमणको त्रास फैलिएको छ ।
यता जिरी नगरपालिकाले भने बाहिरबाट नगरपालिकामा त्रिभिएकाहरूको स्वास्थ्य परीक्षण सुरू गरेको छ । जिरी नगरपाकिलको वडा नम्बर १, २, ३, ८ र ९ का नागरिकहरूको सम्बन्धित स्थानीय स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य जाँच भइरहेको छ भने वडा नम्बर ४, ५, ६ र ७ का नागरिकहरूले भने जिरी अस्पालमा गएर स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिएको जिरी नगरपालिकाका स्वास्थ्य संयोजक गौतमकुमार शाहले जानकारी दिनु भयो ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार चितवनमा स्थलगत रिपोर्टिङका क्रममा रहेका पत्रकारहरूलाई दुर्व्यवहार गर्ने प्रहरीलाई कारबाहीको माग गरिएको छ ।
वैशाख १५ गते भरतपुर महानगरपालिका १० स्थित चौबीसकोठीमा रिपोर्टिङमा रहेका कायाकैरन दैनिकका सम्पादक विनोदबाबु रिजाल र त्रिवेणी एफएममा कार्यरत पत्रकार अर्जुन अधिकारीलाई प्रहरीले दुर्व्यवहार गरी नियन्त्रणमा लिएको नेपाल पत्रकार महासङ्घ चितवन शाखाले जनाएको छ ।
महासङ्घ, नेपाल प्रेस सङ्गठन र नेपाल प्रेस युनियन चितवनले वैशाख १५ गते संयुक्त विज्ञप्ति प्रकाशन गरी पत्रकार दुर्व्यवहार नियन्त्रणमा लिने प्रहरीलाई कारबाही गर्न माग गरेका हुन् ।
परिचयपत्र देखाएर सञ्चारकर्ममा नै खटिएको भनी पटकपटक जानकारी गराउँदा पनि प्रहरीले पत्रकारका सवारी साधनसमेत नियन्त्रणमा लिई नजिकैको कभर्ड हलमा लगेर क्वारेण्टाइनमा राखिएको विज्ञप्तिमा उल्लेख छ ।
पत्रकारले खिचेको फोटो, भिडियोसमेत डिलिट गर्न लगाई सञ्चारकर्मी र सञ्चारसाधनलाई नियन्त्रणमा लिइनु खेदजनक रहेको महासङ्घका अध्यक्ष राधेश्याम खतिवडाले बताउनुभयो । चितवन जिल्ला स्तरीय मानवअधिकार अवस्था अुनगमन समितिका अध्यक्ष एवम् चितवन अदालत बार एसोसिएसनका अध्यक्ष कमलराज पाठकले समेत विज्ञप्ति निकालेर घटनाको विरोध गर्नुभएको छ ।

**इन्सेक काठमाडौँ जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार गृहमन्त्रालयले लकडाउनलाई थप कडा पार्न मातहतका निकायलाई निर्देशन दिएको छ । मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई वैशाख १५ गते

परिपत्र गर्दै पास विनाका कुनै पनि सवारी साधन आवतजावतमा रोक लगाउन निर्देशन दिएको गृह मन्त्रालयले जनाएको छ ।
नेपालमा कोरोना भाइरस (कोभिड १९) बाट सङ्क्रमित भएको आशङ्कामा देशभर ५३ हजार ५ सय ३४ जनाको स्वास्थ्य परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।
मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले नियमित प्रेस ब्रिफिङमा देशभर पीसिआर विधिबाट १० हजार ४ सय ७१ र आरडिटी विधिबाट ४३ हजार ६३ जनाको परीक्षण गरिएको जानकारी दिनुभयो ।
हालसम्म नेपालमा कोभिड १९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या ५२ रहेको र १६ जना उपचारपछि घर फर्किसकेको मन्त्रालयले जनाएको छ । सङ्क्रमित ३६ जना मध्ये भरतपुरमा एक, विराटनगर ३१, वीरगञ्जमा तीन र धनगढीमा एक जनाको उपचार भइरहेको छ ।
काठमाडौँ जिल्ला प्रशासन कार्यालयले विराटगरबाट आएका यात्रुहरूलाई फर्काउने निर्णय गरेको छ । जानकारी बिना काठमाडौँ प्रवेश गरेकोले उनीहरूलाई जिराटनगर नै फर्काउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले जानकारी दिनुभयो । उहाँले काठमाडाँमा मान्छे ल्याउने नीति नभएकोले बिरामी बाहेकलाई आउन नदिने बताउनु भयो ।
विराटनगर महानगरले काठमाडौँमा अलपत्र परेका आफ्नो क्षेत्रका नागरिकलाई लिन वैशाख १४ गते सात ओटा बस मार्फत अलपत्र गरेर काठमाडौँजान चाहने १ सय ६० जनालाई पठाइएको थियो । तर गृह र जिल्ला प्रशासन कार्यालयको आदेशमा प्रहरीले थानकोट नाकामै रोकेको छ ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार काठमाडौँबाट रसुवा आएका ३ सय ८० जना वैशाख १४ गते रातभर रसुवा नुवाकोट सिमानाको बेत्रावतीमा अलपत्र परेका छन् ।
काठमाडौँमा बसेकाहरू वैशाख १४ गते साँझ बसमा लैजाने भनेर जिल्लाका प्रतिनिधिसभा सांसद मोहन आचार्य, प्रदेश सभा सदस्य प्रेम तामाङले सामाजिक सञ्जालमा सम्पर्क नम्बर राखेर जिल्ला जानेले सम्पर्क राख्न भनेपछि आफूहरू आएको कालिका गाउँपालिका-२ का केशव बिकले बताउनु भयो ।
उहाँले भन्नुभयो फोन गरेर जाउँ भनेपछि आइयो रातभर अलपत्र परियो । नौकुण्ड गाउँपालिका -५ का दिलमान घलेले भन्नुभयो आपतमा उद्धार गरेको राम्रो हो तर बाटोमै अलपत्र छाडेर बिजोक भयो । अलपत्र पर्नेहरूमा गर्भवती, तीन हप्ताका बालक समेत रहेका थिए ।
रातभर भोकै रहेकोले बेत्रावतीमा वैशाख १५ गते बिहान १० बजेसम्म अलपत्र भेटिएकाहरू स्थानीय तहका जनप्रतिनिधीसँग समन्वय गरेर गाउँपालिकाको क्वारेण्टाइनमा पुगेका छन् ।
क्वारेण्टाइनमा बस्नुभन्दा त काठमाडौँको कोठामा बस्न ठीक थियो भनेर ५७ जना भागेका छन् । आमाछोदिङमो गाउँपालिका अध्यक्ष बुचुङ तामाङले ६८ जनालाई काठमाडौँबाट आफूसँगै लिएर आउनुभयो र आमाछोदिङमो गाउँपालिका-५ मा रहेको सरस्वती आधारभूत विद्यालयको क्वारेण्टाइनमा राखिएको छ ।
अलपत्र परेको खबर पाए पनि नौकुण्ड, कालिका, उत्तरगया गाउँपालिकाबाट जनप्रनिधिहरू बेत्रावती आएका थिए । त्यहाँ रहेका सुरक्षाकर्मीहरूसँग गाउँमा रहेको क्वारेण्टाइनमा राख्ने र कोरोना भाइरसको सङ्क्रमण हुनबाट बचाउन जनप्रतिनिधिले उनीहरूको जिम्मा लिएर लगेका हुन् ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार हेटौँडा टिसिएन क्षेत्रस्थित मकवानपुर जिल्लाकै प्रमुख थोक तरकारी बजार वैशाख १५ गतेबाट खुलेको छ । तरकारी बजार खुले पनि किसानले तरकारी भने ल्याउन पाएका छैनन् ।
वैशाख १४ गते साँझ सरोकारवालाबीचको छलफलबाट बजार खुलाउने सहमति भए पनि किसानसम्म बजार खुलेको जानकारी पुग्न नसक्दा कोही किसानले तरकारी ल्याएनन् ।
हेटौँडा उपमहानगरपालिकाले हालसम्म ९ हजार ६ सय १४ परिवारलाई राहत वितरण गरेको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख १५ गते एक पुरुष र दुई महिलामा कोरोना आशङकामा स्वाब सङ्कलन गरि टेकुस्थित प्रयोगशालामा पठाएको छ ।

उनीहरूको रिपोर्ट आउन बाँकी छ । त्यस्तै एक महिलाको द्रूतगतिको र्‍यापीड किट (आरडिटी) बाट परीक्षण गरिएकोमा नतिजा नेगेटिभ आएको भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो । अस्पतालले हालसम्म ४ सय ९४ जनाको कोरोना परीक्षण गरेको छ ।
त्यस्तै सरकारले लकडाउनको अबधी आगामी २५ गतेसम्म थप गरेपछि निःशुल्क खाना खुवाउने कार्यक्रम पनि थप भएको छ । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष श्रीभक्त कासिछ्वा, मानवीय आस्था नेपाल, मध्यपुर थिमि नगरपालिकाको सहयोगमा सडकमा हिड्ने पैदल यात्री, गरिब, न्यून आय भएका र अतिविपन्न व्यक्तिका लागि गट्टाघर, बोठे, कमेरोटारमा सञ्चालन गरेको संयुक्त मेस एवम् निःशुल्क खाना वितरण २५ गतेसम्म जारी राखिने कासिछ्वाले जानकारी दिनुभयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार जिल्लामा लगाइएको हरियो तरकारीको प्रतिबन्ध हाललाई खुला गरिएको छ । जिल्ला प्रशासन कार्यालयमा वैशाख १५ गते बसेको सर्वपक्षिय सर्वदलीय बैठकले हरियो तरकारी बाहिर जिल्लाबाट ल्याउन खुला गरेको हो ।
वैशाख ३ गतेबाट जिल्लामा भित्रने तरकारी, फलफूल, माछामासु, अण्डा चल्लाको ढुवानीमा समेत रोक लगाएको थियो ।
वैशाख २५ गतेसम्मका लागि तरकारी बाहेक अन्य फलफूल, माछामासु, अण्डा चल्लाको ढुवानीमा भने रोक लगाइएको छ ।
कमलामाई नगरपालिकाले वैशाख १५ गते २ सय २८ जनाको स्वास्थ्य परीक्षण गरेको छ । नगरपालिका भित्रका १५ ओटा स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य परीक्षण गरिएको हो ।
कमलामाई नगरपालिकाले नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घलाई पाठ्य पुस्तक उपलब्ध गराउन अनुरोध सहितको पत्र लेखेको छ । सामुदायिक विद्यालयका कक्षा १ देखि कक्षा १० सम्म पाठ्यपुस्तक यथासिघ्र उपलब्ध गराउन नगरपालिकाले पत्र पठाएको हो ।
सिन्धुलीमा ०७६ एसईई दिने विद्यार्थीहरूका लागि ग्रेड वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय रेडियोबाट पठनपाठन सुरु गरिने भएको छ ।
प्रमुख जिल्ला अधिकारी योगेन्द्रप्रसाद पाण्डेको अध्यक्षतामा जिल्लाका स्थानीय तह, विभिन्न शिक्षक संगठनहरू, एफएम रेडियोका प्रतिनिधिहरूसहित बसेको बैठकले रेडियोबाट एसईई कार्यक्रम गर्ने निर्णय भएको हो ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार वैशाख १५ गते चार जनामा र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । वैशाख १५ गते जिल्लाभर २ सय ६ जनाको ज्वरो परीक्षण गरिएको छ ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार लकडाउनको नियम उल्लङ्घन गरेको आरोपमा वैशाख १५ गते १ सय ८० जनालाई महानगरीय प्रहरी परिसरले कारबाही गरेको छ ।
विदेशबाट आएका तर कोभिड-१९ को परीक्षणमा सहभागी नभएका ३० महिला र ५८ पुरुष गरी ८८ जनाको वैशाख १५ गते स्वाब परीक्षणका लागि शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल काठमाडौंमा पठाइएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलाले जानकारी दिनुभयो ।
ललितपुरका तीन ओटै नगरपालिकामा दोश्रो चरणमा कोभिड-१९को परीक्षण भइसकेको छ भने तीन ओटै गाउँपालिकामा एक पटक परीक्षण सकिएको छ ।
कोभिड-१९ को आशङ्कामा वैशाख १५ गते तीन जनालाई पाटन अस्पतालको आइसोलेशन वार्डमा भर्ना गरी उपचार भइरहेको छ । वैशाख १३ गते भर्ना भएका दुई जना निको भएर घर फर्किएका पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो । महाँकाल र कोन्ज्योसोम गाउँपालिकाका टोलटोलमा स्वयम्सेवक परिचालन गरी लकडाउनलाई व्यवस्थित गरिएको छ ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार गंगाजमुना गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा ८० लाख ११ हजार ८ सय ६९ रुपियाँ जम्मा भएको छ ।

रुबीभ्याली गाउँपालिकाले मूल्य वृद्धि गरेको व्यापक गुनासो आएपछि खाद्यान्न पसलहरूमा अनिवार्य मूल्य सुची राख्न व्यवसायीहरूलाई अनुरोध गरेको छ ।

चन्द्रज्योती एकिकृत ग्रामिण विकास समाज (सिड्स) नेपालले थाक्रे गाउँपालिका, धुनिवेशी नगर पालिका र गल्छी गाउँपालिकामा स्वास्थ्यकर्मीहरूका लागि आवश्यक पर्ने व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) हस्तान्तरण गरिएको छ ।

गजुरी गाउँपालिकाले स्थापना गरेको फूड बैंकमा राहत सामाग्री उपलब्ध गराइएको छ । गजुरी गाउँपालिकला-५ मा रहेको ठूलो वन सामुदायिक वन उपभोक्ता समूहले बन्दा बन्दी लकडाउनका कारण समस्यामा परेकाहरूलाई वितरण गर्नका लागि सो रहत उपलब्ध गराएको हो ।

त्रिपुरासुन्दरी गाउँपालिका ३ मा रहेका गरिमा महिला साना किसान कृषि समूहको तर्फबाट ५० हजार रुपियाँ गाउँपालिकाको प्रकोप व्यवस्थापन खातामा उपलब्ध गराएको छ ।

लकडाउनका कारण खानेकुरा नभएर र अन्य समस्यामा परेका ५९ जनालाई गल्छी गाउँपालिकाले वैशाख १५ गते उद्धार गरेको छ ।

नीलकण्ठ नगरपालिका असङ्ठित क्षेत्रमा काम गर्ने तीन ओटा वडामा रहेका मजदुरहरूलाई राहत वितरण गरेको छ । धादिङबेसी डिभिजन वन कार्यालय धादिङले बागमती प्रदेशले सञ्चालन गरेको कोरोना भाईरस सङ्क्रमण तथा रोकथाम कोषमा १ लाख ३२ हजार १ सय २१ रुपियाँ सहयोग गरेको छ ।

**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**